प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: dadorautahat@gmail.com
Phone: 055-520001, 055-521519

## स्यालो ट्यूबेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०६/१२)**

यस कृषि ज्ञान केन्द्र, रौतहटको आ. व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो ट्यूबेल जडान गर्ने कार्यक्रम रहेको हुँदा १५ प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषि उत्पादनमा संलग्न निजी फर्म, उद्यमी र जल उपभोक्ता समूहले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( २०७७/०६/२६) सम्म कार्यालय समय भित्र २ नं. फारमको ढाँचामा र सूचनामा माँग भएको कागजातहरु संलग्न राखि खामबन्दी प्रस्ताव र आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ। रित्त नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव र आवेदन बुझाउनका लागि थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टासेको अनूसूचीको निवेदन।
२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
३. आवेदकको (समूह, सहकारी संस्था र फर्म र कम्पनकिो हकमा) दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी।
४. माँग गरेको स्यालो ट्यूबेल निर्माण हुने जग्गाको जग्गाधनी प्रमाण पत्र (सो नभए भोगधिकार प्रमाण) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपूर्जा र जग्गाधनीको सक्कल मन्जूरीनामा समेत।
५. माँग गरेको स्यालो ट्यूबेल निर्माण हुने जग्गाको नक्शाको ब्लु प्रिन्टर कम्पयूटर प्रिन्ट।
६. समूह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी।
७. समूह, सहकारी संस्था र फर्म र कम्पनीको हकमा आवेदन गर्ने अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र।
८. स्थानिय तहका कृषि वा पशु शाखाको आवेदनमा सिफारिस।
९. पुन्श्चयः निवेदन र परियोजना प्रस्ताव ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

अनुदानका शर्तहरु :-

१. स्यालो ट्यूबेलबाट सिंचाई पूर्याउने खेति योग्य जग्गाको हकमा १५० मिटर अर्धव्यास भित्र २ बिग्घा, माछापालनको लागि तयार पोखरीको हकमा १.५ बिग्घा, र कृषि वन नर्सरीको लागि ५ कठ्ठा जग्गा आवश्यक पर्नेछ।
२. स्यालो ट्यूबेलको लागि २ हँष पावरको पानी तान्ने विद्युतीय मोटर, ८० फिट सम्म पाईप र अन्य आवश्यक सहायक समाग्री तथा जडान खर्चमा ८५ प्रतिशत अनुदान दिईने छ। सो कार्यको लागि प्रचलित कानुन बमोजिम आपूर्तिकर्ता छनौट गरिनेछ। आपूर्तिकर्ताको स्वीकृत दर रेट अनुसारको १५ प्रतिशत रकम छनौट हुने आवेदकले सम्झौताको समयमा तोकेको बैंक खातामा जम्मा गर्नुपर्ने छ।

रविन्द्र कुमार श्रीवास्तव
नि. प्रमूख
कृषि ज्ञान केन्द्र रौतहट, गौर